# लेखापरीक्षण प्रतिवेदन
# जाजरकोट
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१ जिल्ला विकास समितिको कार्यालय | ३ |
| | ३.२ जिल्ला प्राविधिक कार्यालय | ७ |
| | ३.३ स्थानीय विकास कोषको सचिवालय | ८ |
| | ३.४ जिल्ला स्वास्थ्य कार्यालय | ८ |
| | ३.५ जिल्ला शिक्षा कार्यालय | १२ |
| | ३.६ डिभिजन सडक कार्यालय | १४ |
| ४ | आन्तरिक लेखापरीक्षण | १८ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २० |
| अनुसूची २ : | बेरुजूको स्थिति | २१ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | २२ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | २३ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ६ कार्यालयको विस्तृत र २८ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

## लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३४ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब ९४ करोड ९१ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १३ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २०७ र रु ३९ करोड १४ लाख ७८ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १० कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समायोजन भएका दफा ११८ र रु.२ करोड ९५ लाख ४४ हजार मिलान गरी १३ कार्यालयको दफा ८९ र रु.३६ करोड १९ लाख ३३ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको क्रममा रु.२ लाख ९३ हजार.र प्रतिक्रियाबाट रु ७ लाख ३५ हजार समेत रु.१० लाख २८ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.२ करोड ९५ लाख ७७ हजार, अनियमित रु.२२ करोड ५२ लाख १० हजार र पेश्की रु.१० करोड ७१ लाख ४६ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला विकास समितिको कार्यालय

१. **कोष संचालन र व्यवस्थापन** : स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४५(२) को अनुसुची २३ बमोजिम जिल्ला विकास कोषको रकम प्रवाह तालिका अनुसार स्थानान्तरण गरेरमात्र आर्थिक कारोवार गर्नु पर्ने व्यवस्था भएपनि तदअनुसार रकम प्रवार्ह गरेको देखिएन ।

२. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट अनुसार परीक्षण गरेका सवै योजनामा उपभोक्ता समितिलाई अन्तिम भुक्तानी गरेकोमा नियमावलीले तोकेबमोजिमको विवरण नखुलाई केवल सार्वजनिक परीक्षणको नमुना फाराममा उपभोक्ता समितिको अध्यक्षले हस्ताक्षर गरेकोफाराम मात्र संलग्न गरेको छ । नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ र कार्यक्रम सञ्चालनमा देखिएको समस्या समाधान गरी गुणस्तर कायम गर्न ध्यान दिनुपर्दछ ।

३. **अधुरा योजना** – मार्क खोला सडकपुल निर्माणको लागि रु.१,९६,२६,८८२/- लागत अनुमान गरी एक निर्माण व्यवसायीलाई २०७०।९।२४ मा सम्पन्न गर्ने गरी रु. १,४३,८०,९५५/- को कार्यादेश दिएको थियो । उक्त अवधिमा कार्य  सम्पन्न गर्न नसकी पटक पटक गरी २०७३।३।३० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले ठेक्का सम्झौता गर्दा पेश गरेको कार्य तालिका अनुसार कार्य नगरी उचित र पर्याप्त कारण वेगर म्याद थप गर्दै आएको छ तापनि हालसम्म कार्य सम्पन्न नभएको हुँदा समय र लागत वढ्दै गएको छ। यस वर्ष छैठौं रनिँग विल वापत रु.८,२४,४६३/- मुल्य अभिवृद्धि कर सहितको भुक्तानी लिएको छ । स्थलगत निरीक्षणको समयमा कुनै मालसामान तथा कामदार नभएको र काम पूर्णरुपमा छोडेको अवस्था देखियो। प्रचलित कानून वमोजिम  निर्माण व्यवसायीलाई कारवाही गरी उक्त कार्य सम्पन्न गर्नुपर्ने देखियो ।

४. **सामाजिक सुरक्षा कार्यक्रम** : सामाजिक सुरक्षा कार्यविधी, २०६९ को वूँदा ६ मा कार्यविधी वमोजिमको सुविधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचय पत्र लिनुपर्ने र साविकमा परिचय पत्र लिएका व्यक्तिहरुले नविकरण गराउनुपर्ने र नविकरण नभएका व्यक्तिहरुलाईं भत्ता उपलव्ध नगराईने व्यवस्था छ । नमुना छनौटमा परेका ढमे र  नायकवाडा गाविसको परिक्षणबाट एउटै व्यक्तिको दोहोरो अभिलेख र भरपाई भएको, लगत मा नभएका व्यक्तिको नाम भरपाई पेश भएकोले सम्वन्धित लाभग्राहि को लगत र भरपाई हो भन्न सकिने अवस्था नरहेकोले बढी भुक्तानी दिएको रु.५,७७,२००/- असूल गर्नुपर्ने देखिन्छ । यस्ता कारोवार रहेका जिल्लाका सवै गाविसको अभिलेख तथा भरपाईको सम्वन्धमा छानविन गर्नुपर्ने देखिन्छ ।

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को दफा १३ मा पहिलो किस्ताको पेस्की फछ्र्यौट भएपछि दोश्रो र तेश्रो किस्ताको पेस्की फछ्र्यौट भए पछि तेश्रो किस्ताको निकासा दिनुपर्ने, प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भरपाई भुक्तानी गरेको १५ दिन भित्र पेस्की फछ्र्यौट गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष उपरोक्तानुसार निकासा दिने तथा पेस्की फछ्र्यौट गरेको देखिएन । यस वर्ष निकासा भएको मध्ये रु.१,२१,६६,६३८.०० पेस्की फछ्र्यौट हुन वाँकी देखिन्छ । निकासा दिंदा अघिल्लो किस्ताको पेस्की फछ्र्यौट नगरी दिएको देखियो । सामाजिक

सुरक्षामा निकासा भएको रकम सम्वन्धित लक्षित समुहलाई समयमै वितरण गरी सोको विल भरपाई तोकिएको समयमै जि.वि.स.मा पेश गरी पेस्की फरफारक गर्नु पर्दछ ।

५. **भत्ता वितरण** : सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि, २०६९ दफा ८(५) मा आगामी आर्थिक वर्षदेखि भत्ता पाउने नयाँ परिचयपत्र प्राप्त गर्ने व्यक्ति र हाल सम्म भत्ता पाइरहेका व्यक्तिको नवीकरण गरिएको नामावली प्रत्येक गाउँ विकास समितिले पौष महिनाको दोस्रो हप्ता भित्रमा गाउँ विकास समितिमा प्रकाशित गरी उक्त नामावली जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । उपरोक्तानुसार जिविसले भत्ता पाउने व्याक्तिहरुको नामको मूल अभिलेख तयार गरेको पाइएन । भत्ता पाउने व्याक्तिको नामावली सहितको विवरण लिई मूल अभिलेख खडा गरी पेश्की फछ्यौट गर्दा भरपाई र नामावली किटान गरेर मात्र फछ्यौट गर्नु पर्दछ । नमूना छनौटमा परेका गाउँ विकास समितिको निकासा र लगत र भरपाइ परीक्षण गर्दा निम्नानुसार देखियो ।

- ढिमे गाविसमा मुल लगतमा नाम नभएका जेष्ठ नागरिक ११, एकल महिला ६ र वालवालिका ८ जनालाई वितरण गरेको भत्ता रु ८६,४००.०० असूल गर्नुपर्ने ।
- नायकवाडा गा.वि.समा मुल लागतमा नाम नभएका जेष्ठ नागरिक २१ र एकल महिला २३ जनालाई वितरण गरेको भत्ता रु ३,९०,०००.०० असूल गर्नुपर्ने ।
- नायकवाडा गा.वि.स.ले बालबालिका पोषण वापतको रकम पहिलो चौमासिक मा ३०७ जनालाई रु २,४५,६००.०० दोश्रौ चौमासकिमा रु २,२१,६४०.०० र तेश्रो चौमासिकमा २६४ जनालाई रु.२,०३,५६०.०० समेत रु.६,७०,८००.०० खर्च लेखेकोमा बालबालिकाको मुल अभिलेख लेखापरीक्षण समयमा पेश नभएकोले भिडान गर्न सकिएन ।

उपरोक्त अवस्थाबाट वास्तविक भत्ता खर्च यर्थाथपरक छ भनी विश्वस्त हुने स्थिति रहेन । यो स्थिति अन्य गाऊ विकास समितिमा पनि हुन सक्ने देखिएको छ । तसर्थ सरकारी रकम हिनामिना तथा दुरुपयोग हुनसक्ने स्थितिलाई विचार गरी कार्यालयबाट छानविन हुनुपर्छ । लेखापरीक्षणवाट कैफियत देखिएको ढिमेको निकासा रु ३८,२७,८६०.०० र नायकवाडाको निकासा रु.२५,६८,०००.०० समेत रु.६३,९५,८६०.०० को छानविन गरी सो को यथार्थता एकिन गर्नुपर्दछ ।

६. **अफिस वर्क** : विभिन्न आयोजनाको डिटेल सर्भे र डिजाइन गरेको भनी एक कर्मचारीलाई रकम भुक्तानी दिएकोमा फिल्ड वर्क वापत प्रति कि.मी ३४,३९८/- र अफिस वर्क वापत १८,५९४/- समेत प्रति कि.मी रु.५२,९९२/- निर्धारण गरी रकम भुक्तानी दिएको हुंदा वाह्य परामर्शदाता भै फिल्ड र अफिस वर्क वापत रकम दिन नमिल्ने हुदा अफिस वर्क वापत दिएकोरु ३२,९२७.०० असुल गर्नु पर्दछ ।

७. **दोहोरो भुक्तानी** : जजाय खानेपानी योजना, गर्खाकोट ४ र जजाय ९ को लागतअनुमानमा ४० एम एम एच डिपि पाईप १० के.जि प्रति वर्ग मि.को २२८४.७ र मि भएकोमा गत वर्षको विलवाट ८०० र.मी. पाइप खरिद,जडान तथा पुर्ने कार्य गरेको भनी भुक्तानी दिई सकेकोमा २०७२।११।४ बाट सोही स्थानमा ८०० र.मी. पाइप खरिद , खन्ने र पुर्ने समेतको काम गरेको जम्मा रु.८,००,०००.०० जनाउदै पुन : खर्च लेखेको छ । एउटै योजनाको काम भईसकेका ८०० मी. पाइप परीमाण घटाएर १४८४.७ र.मी को मात्र खर्च लेख्न मिल्नेमा कट्टा नगरी २२८४.७ र.मी को नै खरिद, खन्ने पुर्ने समेतको खर्च लेखेको देखिएकोले ८०० मी. पाइप खरिद , खन्ने पुर्ने कार्यको दोहोरो भुक्तानी भएकोरु १,८०,०००.०० असूल गर्नुपर्दछ ।

८. एक इन्जिनियरलाई २०७२ श्रावण देखि २०७२ चैत्र सम्मको तलव भत्ता भुक्तानी दिंदा सो अवधिको प्रमुख जिल्ला इन्जिनियर भनी एक तह माथिको तलव प्रति महिना रु.१,६९०.०० र भत्ता रु.१०००.०० गरी रु.२,६९०.०० भुक्तानी दिएकोमा माथिल्लो तहको दरवन्दी नभएकोले ९ महिनाको हुन आउने रु.२४,२१०.०० असूल गर्नु पर्ने देखिएको । साथै अर्को एक इन्जिनियरलाई २०७३ वैशाख देखि २०७३ आषाढ सम्म निमित्त प्रमुख जिल्ला इन्जिनियर भनी एक तह माथिको तलव भत्ता प्रति महिना रु.३,१९८.०० का दरले ३ महिनाको जम्मा रु.९,५९४.०० भुक्तानी दिएकोमा माथिल्लो तहको दरवन्दी नभएकोले असूल गर्नुपर्दछ ।

९. **गाउँ विकास समिति अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउँ विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधि सम्म जिल्लाका सवै गाविसको ०७२।०७३ को अन्तिम लेखापरीक्षण र ०७३।०७४ को आन्तरिक लेखापरीक्षण भै नसकेकोले खर्च नभई वाकी रहेको रकम एकीन गर्न सकिएन । कार्यालयले प्रतिवेदन लिई मौज्दात यकिनगरी बाकी रकम संचित कोष दाखिला गर्नु पर्दछ ।

१०. **कर बीजक** : मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले प्रापकलाई तोकिएको ढाँचामा कर वीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले एक आपूर्तकलाई रु ४२,०००.० भुक्तानी गर्दा रितपूर्बकको कर बीजक बेगर भुक्तानी दिएको देखिएकोले उक्त कारोबारको मूल्य अभिबृद्धि कर रकम समायोजन भएको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

११. **निर्यण कार्यान्वयन नभएको** : होलुखोला सडक पुल निर्माणको लागि एक विल्डर्सलाई २०७०।९।२४ सम्ममा सम्पन्न गर्ने गरी २०६९।३।८ मा रु.१,३९,९१,०६२/- को कार्य दिएकोमा उक्त अवधिमा कार्यसम्पन्न गर्न नसकी २०७२।८।२९ सम्म म्याद थप गरी २०७३।३।३० मा अन्तिम तथा पांचौ रनिङ विलबाट रु.३६,४७,१६६/- समेत रु.१,३९,०१,५६९/- भुक्तानी दिएकोमासार्वजनिक लेखासमितिको २०६९।१।८ को र्निणय अनुसार निर्माण कार्यको विल अफ क्वान्टिटीमा सवारी साधन तथा मेशिनरी सामान खरिद तथा भाडा समावेश गरी ठेक्का सम्झौता गर्न नपाईने निर्णय गरेको छ । गाडी भाडा वापत विल अफ क्वान्टिटीमा १४ महिना राखी यसवर्ष ५ महिनाको ३५०००.०० को दरले १७५०००.०० भुक्तानी गरेको छ ।

१२. **लागत अनुमान** : तल्लो नाउली खोला लघु जलविद्युत आयोजनामा मेकानिकल सामाग्री तथा मेशिनरी औजार खरिद एवं निर्माण गर्न रु.९,३९,११४.००, वगमोर खोला लघु ज.वि लाई ग्याविन वर्क कार्यको लागि रु ५,७४,५००.०० र टिकाचौर ल.ज.वि लाई स्टिल पोल खरिद रु ९,६०,०००.०० समेत रु २४,७३,६१४.०० खर्च लेखेकोमा ती लघुजलविद्युत आयोजनाको कुल लागत अनुमान र सो मध्ये जिल्ला विकास समितिबाट व्यहोर्ने अंश स्पष्ट खुलेको सम्झौता वेगर नै रकम भुक्तानी लेखेको पाइएकोले सो खुल्ने सम्झौता तथा आवश्यक कागाजत पेश गर्नुपर्दछ ।

१३. **म्याद थप** : सडक बोर्ड अन्तर्गत खंलगा – वोहरा – यवरपुवा सडक मर्मत कार्यको इष्टिमेट रु.२११५४८७.०० भएको ठे.नं ३ आरविएन ०७२।७३ को काम सिलवन्दी कोटेसनबाट रु.११०४६८४.३५ कवोल गर्ने एक निर्माण व्यवसायीसंग २०७३।३।१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । सम्झौतानुसार आर्थिक वर्षको अन्तमा सम्पन्न गर्नुपर्नेमा प्रथम रनिङ विल पेश भई रु.४१०११७.०० खर्च लेखेको भए तापनि कार्य सम्पन भएको देखिएन । निर्माण व्यवसासयीबाट म्याद थपको लागि निवेदन दिएको प्रमाण पेश नहुनुको साथै कार्यालयबाट म्याद

थप गर्न वा ठेक्का समाप्त गर्ने तर्फ कारवाही अगाडी बढाएको सम्वन्धमा कुनै प्रमाण पेश हुन नआएकोले उक्त सडक मर्मतको कार्यको अवस्था यकिन गर्न सक्ने आधार देखिएन ।

१४. **आयोजना छनौट** : निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम संचालन कार्यविधि नियमावली २०७२ को नियम ५ (२) अनुसार आयोजना छनौट, कार्यान्वयन तालिका र जिम्मेवारी तोकी चालू आर्थिक वर्षको कार्तिक मसान्त सम्म पेश गरी सक्नु पर्ने, नियम (३) मा संविधान सभा सदस्यले अनुसूची १ बमोजिमको कार्यान्वयन तालिका वनाई प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र योजना पेश गरी सक्नु पर्ने व्यवस्था छ ।

योजना छनौट गर्दा नियमावलीले तोकेका प्रकृया नपुरयाको, तोकेको समय सिमा भित्र आयोजना छनौट नगरी २०७२।९।१५ मा योजना पेश भएको देखियो । योजना छनौट गर्दा जिल्ला विकास योजनामा नपरेका आवधिक  जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका, परिषदबाट स्वीकृत भएका र स्थानीय निकाय विषयगत कार्यालय तथा समुदायद्धारा संचालित अधुरा सार्वजनिक प्रकृतिका पूर्वाधार सम्वन्धी आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्नेमा सो अनुसार योजना छनौट गरेको देखिएन । संचालित योजनाहरु सम्वन्धित सभासद तथा नियमावली बमोजिमको समितिले अनुगमन गरी सोको प्रतिवेदन सम्वन्धित जिल्ला विकास समिति र मन्त्रालयमा पठाउनु पर्नेमा सो अनुसार अनुगमन गरी प्रतिवेदन तयार गरेको पाइएन। संचालित सवै कार्यक्रमको सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न गरेरमात्र अन्तिम भुक्तानी दिनु पर्नेमा सो प्रक्रिया पूरा नगरी भुक्तानी दिएको छ ।

विकास निर्माण सम्वन्धी आवश्यक योजनाहरु छनौट गरी कार्य गराउनु पर्नेमा भेरीमालिका नगरपालिका –२ स्थित सहकारी भवन मर्मतको लागि रु. ९०,०००.०० र क्षेत्र नं २ का विभिन्न गा.वि.सका लागि विभिन्न साइजका पाइप खरिदको लागि रु. ४,००,०००.०० खर्च गरेको पाइयो ।

१५. **झोलुँगेपुलतर्फ** : मूल्य अभिवृद्धिकर नियमावली, २०६४ को नियम ६(क) बमोजिम मूल्यअभिबृद्धि करको भुक्तानीको विवरण प्रत्येक महिना सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा एक इन्जिनियररिङ ईण्डस्ट्रिज र ३ निर्माण सेवालाई रु.१,२०,१०,९४२.०० ( मू.अकर सहित) भुक्तानी दिएकोमा आन्तरिक राजस्व कार्यालयलाई जानकारी नदिएकोले मूल्य समायोजन पत्र पेश गर्नुपर्दछ  ।

१६ . **पेश्की बांकी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले ६ कर्मचारी र ११ संस्थाको रु.८५,५९,०००.०० फछ्र्यौट गरेको नदेखिदा नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१७. **कार्य सम्पन्न** : योजना भएको भनि गाउंस्तरीय सार्वजनिक निर्माण समिति, जुगाथापाचौर समेत ४ वटाको अन्तिम विल रु.१,८६,२४,२६९.२३ भुक्तानी दिएकोमा सो कार्यको कार्य सम्पन्न तयार नगरेको ले तयार गर्नुपर्दछ ।

१८. **असुली** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रित पुरयाई बिल भरपाईको आधारमा खर्च गर्नुपर्नेमा घरवारी वगैचा स्थापना २ पटक, व्यवसायीक तरकारी खेती तालिम २ पटक र घरवारी वगैचा करेसावारी तालिम सचालनमा दोहोरो प्रशिक्षक भत्ता रु.११,०००, मेडुका, छेडाकचाली र वेलगार्ड मध्यमागी सडक निर्मण कार्य डोजरबाट  गरिएकोमा १० प्रतिशत वहाल कर रु.१०९२१७.००, अन्तरपार्टी महिला संजाललाई बढी भुक्तानी रु.४,९४०.०० समेत रु.१२५१५७.०० असुल गर्नुपर्दछ ।

१९. **प्रकृया नपुऱ्याई खर्च** : योजना सम्पन्न भएको भनि गाउंस्तरीय सार्वजनिक निर्माण समिति, जुगाथापाचौर समेत ४ वटाको अन्तिम विल रु: १,८६,२४,२६९.२३ भुक्तानी दिएकोमा सो कार्यको कार्य सम्पन्न तयार नगरेको, साल्मा गा.वि.समा जग्गा खरिद मुआव्जा वितरण गरेको रु ३५,६६,०६८. खर्च लेखेकोमा सो को मुल्यांकन प्रतिवेदन निर्णय मुआव्जा समितिको प्रतिवेदन वेगर खर्च लेखेको, होलुखोला सडक पुल निर्माण कार्य पश्चात ग्याविन भर्ने थप कार्य गरे वापत एक विल्डर्सलाई रु.२,८८,३३३.०० भुक्तानी दिइएकोमा ल.ई. कार्यादेश वा सम्झौता सक्कल कर विजक वेगर भुक्तानी दिएको, एक परामर्शदातालाई वालवालिकाको वस्तुस्थिति विवरणमा सुचक ट्याकिङ गरे वापत रु.४५,९००.०० भुक्तानी दिएकोमा विल भरपाई, भुक्तानी साथ पेश गरेको वस्तुस्थिति विवरण निरीक्षण गर्दा वस्तुस्थिति विवरणमा सूचकहरुको ट्याकिङ गरेको नदेखिएकोले खर्चको यथार्थता एकिन गर्नुपर्दछ ।

२०. **कोष दाखिला** : आ .व. २०७२।७३ मा आन्तरीक श्रोत जि.वि.स कोष खाता ग- ४- ३०१ को आन्तरीक लेखापरीक्षण गर्दा श्रेस्ता जांच र वैक हिसाव भिडान गर्दा आ.व. ०७२।७३ मा नगदी रसिद आम्दानी रु.३३,७६,६३७.०० र सिधै नगद चेक जम्मा रु.९,३७,५३५.०० समेत जम्मा रु.४३,४४,१७२.०० भएकोमा २०७३ आषाढ मसान्त सम्ममा वैंक दाखिला रु.४२,०६,१७४.०० भएकोले वैंक दाखिला गर्न वांकी रु.१,३७,९९८.०० असूल गरी व्याज सहित वैंक दाखिला गर्नुपर्दछ ।

ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् कर वापत एक सप्लायर्स प्रोपाइटरसँग तिन किस्तामा रकम चुक्ता गर्ने गरी रु.१०,००,१११.०० मा सम्झौता भएकोमा ठेकेदारले आर्थिक वर्षको अन्त्यसम्म प्रथम, दोश्रो र तेश्रो किस्ता गरी रु.९,७०,१११.०० मात्र रकम वुझाएको देखिएकोले वुझाउन वांकी रकम रु.३०,०००.०० नियमानुसार असूल गर्नु पर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।

- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यबस्था भएपनि कार्यालयले यो वर्ष सो अनुसार उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्वन्धमा अनुगमन गरेको देखिएन

- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको विवरण नखुलाई केवल सार्वजनिक परीक्षणको नमुना फाराममा उपभोक्ता समितिको अध्यक्षले हस्ताक्षर गरी फाराम मात्र संलग्न गरेको छ । सवै विवरण खुलेको सार्वजनिक परीक्षण नगराई भुक्तानी गर्न मिल्दैन । नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

२. बढी **भुक्तानी** : दुले पोखरी सिचाई आयोजना उ.स. , खलंगा र ज्यामतिरा वडा औल कुलो उ.स. ज्यामीतर पहिलो रनिङ विल भुक्तानी गरिसकेपछि रिभाइज लागत अनुमान तयार गरी पहिलो सम्झौता भन्दा क्रमश रु १,९३,४३७.०० र २,३९,८८१.०० समेत रु ४,३३,३१८.० बढी रकम भुक्तानी दिएको हुंदा त्यस्तो रकम दिन मिल्ने नदेखिएकोले असूल गर्नु पर्दछ ।

दुले पोखरी सिंचाई आयोजना उ.स. खलंगा ७ को पाइप राखेको भनी जग्गा भाडा वापत जग्गा धनी लाई रु.३०,०००.०० भुक्तानी खर्च लेखेकोले उपभोक्ता मार्फत गर्ने कार्यमा पाइपको व्यवस्थापन गर्ने जिम्मेवारी उपभोक्ताको हुने हुंदा भुक्तानी रकम असूल गर्नु पर्दछ।

३. **असुली** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रित पुरयाई बिल भरपाईको आधारमा खर्च गर्नुपर्नेमा कृषि कुलो सिंचाई आयोजना भुर –५, जाजरकोटलाई पि.सि.सि. कार्यको दररेट रु.१३,१६५.०० भएकोमा रु.१५००५.३० दिएकोले १९७.७९ ब.मीको बढी भुक्तानी दिएको रकम रु.३,६३,९३४.००, योजनाको सर्भे गरेको भनि खर्च लेखेकोमा विल भरपाई र नर्म्स वेगर खर्च लेखेको तथा प्रतिवेदन आम्दानी समेत भएको नदेखिएकोले भुक्तानी दिएको रु.१,४०,०००।- र एक.खा.पा.स.टे लाई सर्भे रिपोट तयार गरेको भनी रु ७५,०००।०० विना विल भरपाई नर्म्स वेगर भुक्तानी दिएको र सुवानावलीको उपभोक्ता समितिलाई सम्झौता भन्दा बढि भुक्तानी भएकोरु ३३१४.०० समेत रु ५८२२४८।०० असूल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भ्याट विलको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्नेमा मछेना आखतला कुलो सिंचाई रामीडांडा ४ र ६ को विल भुक्तानी गर्दा लालीगुरांस हार्डवेयर खलंगाबाट निर्माण सामाग्री खरिद गर्दा भुक्तानी गरेको रकम रु.५,३०,६८५.०० को अग्रिम आयकर रु.७९६०.०० असूल गर्नुपर्दछ ।

४. **प्रकृया नपुऱ्याई खर्च** : उपभोक्तासंग भवन निर्माण कार्यको सम्झौता भई फाइनल विल पेश भई रु ११,२१,८०५.० र टिकाचौर लघुजलविद्युत आयोजनालाई स्टीलपोल आदि खरिद गरेको भनी एक मुष्ट रु.२,८५,०००.०० रकम भुक्तानी दिएकोमा संबन्धितसंग भएको सम्झौता, सो कार्यको प्रमाणित कार्यसम्पन्न प्रतिवेदन नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गरीनुपर्दछ ।

५. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ। कार्यालयले ७ उपभोक्ता समिति र एक गा.वि.स भवनको रु.१५,१०,५००.०० फछ्र्यौट गरेको नदेखिदा नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्ने देखिएको छ।

६. **सदरस्याहा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७(२) अनुसार सदर स्याहा गर्नु पर्ने व्यवस्था अनुरुप गत वर्षको जिम्मेवारी सारिएको प्रयोजन नखुलेको धरौटी रु.१,१६,९३९.६६ सदरस्याहा गर्नुपर्दछ।

## स्थानीय विकास कोषको सचिवालय

१. **सापटी** : स्थानीय विकास कोषको आम्दानी खाता नं ५०५० बाट गरिवी निवारण कोषको खाता नं १२८४ लाई दिएको सापटी रकम रु.१,००,०००.०० हालसम्म सापटी सोधभर्ना भएको नदेखिएकोले अविलम्व सापटी सोधभर्ना गरि हिसाव मिलान गर्नुपर्दछ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **बजेट तथा खर्च गर्ने अख्तियारी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ (२) वमोजिम आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र अख्तियारी पठाउनु पर्ने व्यवस्था छ। तर यस व्यवस्था अनुसार समयमै अख्तियारी प्राप्त भएको पाईएन । समयमा अख्तियारी नपठाउदा कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्न नसकिन हुदाँ सो तर्फ तालुक विभाग तथा मन्त्रालयसंग समन्वय गरी समयमा अख्तियारी प्राप्त गर्नुपर्ने देखिन्छ।

२. **भ्रमण अभिलेख खाता** : भ्रमण खर्च नियमावली २०६४ को नियम ४ र नियम २१ अनुसार भ्रमण यथासम्भव कम खर्चिलो वाटो वा साधनवाट गर्नुपर्ने गरी कर्मचारीलाई काजमा खटाउनु पर्ने र अनुसुची ६ को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। सो बमोजिम अभिलेख राखेको छैन।

३. **जनशक्ति ब्यवस्थापन** : जिल्लाको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन दरबन्दी अनुसार पदपूर्ती हुन पर्दछु। तर कार्यालयबाट प्राप्त विवरण अनुसार कुल दरवन्दि २३७ भएकोमा पदपूर्ति १३८ मात्र भएको छ। जिल्लाबाट प्रवाह हुने स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन दरवन्दी अनुसार पदपूर्ती गर्ने तर्फ ध्यान जानुपर्दछ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ आप्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र प्रभावकारी सञ्चालनका लागि यथोचित ध्यान नपु:याएको कारण उल्लिखित व्यहोरामा सुधार भएको पाइएन। जसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको विश्वसनीयता कमी भई नियन्त्रण प्रणालीमा समेत असर पर्न जाने देखिन्छ। तसर्थ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फं कार्यालयले उचित ध्यान दिनु पर्दछ।

५. **लक्ष्य प्रगति** : कार्यालयवाट प्राप्त विवरण अनुसार लक्ष्यको तुलनामा केही कार्यक्रमहरु ७५ प्रतिशत भन्दा कम प्रगति भएको तथा कार्यक्रम नै संचालन नभई शुन्य प्रगति देखिएको छ। समयमा नै कार्यक्रम संचालन नभएको कारण घटी प्रगति भएको र केहि कार्यक्रम नै संचालन नहुदाँ सेवाग्राही वा लक्षित वर्गलाई पर्न जाने असर प्रति समयमै सचेत भई लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ क्रियाशिल हुनुपर्ने देखिन्छ।

६. **म्याद नाघेको औषधी** : प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका २०६८।६९ मा उत्पादन मिति भएको औषधीको म्याद कम्तीमा सो मितिले १८ महिना र सेल्फ लाईफ भएका औषधी तथा उपकरणको म्याद कम्तीमा दुई तिहाई रहनु पर्ने प्रावधान छ। साल्मा २ औषधीको म्याद सकिएको भएता पनि उक्त औषधी भण्डारमा रहि रहेको अवस्थामा देखियो। जसबाट औषधीको सदुपयोग सम्बन्धमा उचित ध्यान दिएको देखिएन। त्यसैले औषधीको म्याद समाप्त नहुने गरी त्यसको सदुपयोग र परिचालन गर्ने कार्यमा ध्यान दिनुपर्दछ। यसरी म्याद समाप्त भएको साल २ सिरफ औषधीहरु स्टोरवाट निकासि भै अस्पतालको फार्मेसिमा रहेको पाईयो। यस तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखियो।

७. **औषधी उपभोगको स्थिती** : कार्यालयले नि:शुल्क औषधी वितरणलाई प्रभावकारी बनाउन आवश्यकता र आपूर्ति बीच सन्तुलन कायम गर्नुपर्दछ। कार्यालयमा खरिद तथा हस्तान्तरण भई आएका औषधीहरुको भण्डार शाखावाट प्राप्त विवरण अध्ययन गर्दा बढी माग हुने औषधीहरुको न्यून मौज्दात र कम माग हुने औषधीहरुको बढी मौज्दात रहेको पाइयो। जसबाट कम माग हुने औषधीहरुको उपभोग म्याद भित्र हुने तथा अत्यावश्यक औषधीहरु अपर्याप्त हुन जाने कुरा मध्यनजर गर्दै औषधीको मौज्दात प्रणालीमा आकस्मिक मौज्दात र न्यूनतम मौज्दात स्तर निर्धारण गरी सन्तुलन कायम हुने तर्फ ध्यान दिनुपर्दछ।

८. **कार्यक्रमगत खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८५(१) अनुसार प्रत्येक कार्यालयले महिना भुक्तानी भएको सात दिनभित्र खर्चको फाँटबारी, फछ्र्यौट हुन बाँकी पेश्कीको मास्केवारी लगायत नियमानुसार राख्नुपर्ने खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले एकिकृत स्वास्थ्य कार्यक्रम अन्तर्गत संचालन हुने कार्यक्रमहरुको कार्यक्रमगत खाताा

राखेको पाइएन । तोकिएको ढाँचामा तयार गर्नुपर्ने विवरण तयार नगर्नु तथा कार्यक्रम खाता नराखेबाट हरेक कार्यक्रमहरुको ऋार्यक्रमगत विवरण एकिन हुन सकेन । त्यसैले तोकिए बमोजिमको नियम पालनामा कार्यालयको ध्यान जानुपर्दछ ।

९. **औषधी खरिद** : कार्यालयलाई आवश्यक पर्ने औषधीको लागि रु.२५,००,०००.०० को लागत अनुमान तयार गरी मिति २०७२।८।१७ मा ३० दिने सूचना जारी गरी आवश्यक ६२ प्रकारका औषधीको लागि सूचना माग गरेकोमा पर्न आएका वोलपत्र मध्ये रु २०,०५,५९०.४० सवै भन्दा घटीवाला एक फार्मेसीले सम्झौता गर्न नआएको भनी निजको धरौटी रकम रु.६२,५००.०० जफत गरी दोश्रो घटीवालालाई रु.२४,६९,१४७.२४ मा सम्झौता गरेको छ। पहिलो घटीवालाले सम्झौता नगर्दा दोश्रो घटीवालालाई रु.४,६३,५५६.८४ बढी भुक्तानी भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (ख) मा स्वीकृतीका लागि छनौट भएको प्रस्तावको प्रस्तावदाता दफा ३८ बमोजिम सम्झौता गर्न नआएमा निजलाई कालो सूचीमा राख्ने व्यवस्था भएतापनि यस कार्यालयले कालो सूचीमा नराखेको हुंदा नेपाल सरकारलाई रु.४,६३,५५६.८४ बढी व्ययभार भएकोले उक्त फार्मेसीलाई कालोसूचीमा राख्ने व्यवस्था हुनुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा तोकिएको दररेटलाई आधार मानी लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ। तर यस कार्यालयले औषधी खरिदको लागि नेपालगंजका ३ वटा फार्मेसीको मुल्यसूची लिई सोको औसत दररेट निकाली लागत अनुमान रु.२५,००,०००.०० तयार गरेको छ । ऐन नियमले तोकेको प्रक्रिया नपुऱ्याएको र वोलपत्रको मूल्यांकन कमिटीको निर्णय तथा तुलनात्मक चार्ट समेत तयार गरेको पाइएन ।

१०. **पटक पटक खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ ख मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था भएतापनि एक फर्मबाट ६ पटक सम्म औषधी खरिद गरेको छ ।

११. **सामग्री हस्तान्तरण** : एक हे.अ. को २४ वटा स्वास्थ्य केन्द्रमा कार्यक्रम संचालन गरेको भनी रु.३०,९८,४००.०० पेस्की फछ्र्यौट गर्दा मातृ शिशु तथा वाल्यकालिन पोषण सुधारका लागि व्यवहार परिवर्तन सम्वन्धि ७ दिने तालिम संचालनका लागि तालिममा आवश्यक पर्ने तालिम सामग्रीहरु न्यू वि सी स्टेशनरी एण्ड पुस्तक पसलबाट खरिद सहभागी पुस्तिका, फोटो बुकलेट, फलेस बोर्ड, स्पाइरल कपी ६९६ र ६९६ जेल डटपेन खरिद गरेको भनी रु.६९,६००.०० र जिल्लाबाट सम्वन्धित स्वास्थ्य संस्थाहरुसम्म उक्त सामग्रीहरु प्रति स्वास्थ्य संस्था ढुवानी रु १५०० का दरले २४ वटा स्वास्थ्य संस्थामा पठाएको रु ३६,०००.०० समेत रु १,०५,६००.०० उक्त बुझाएको भरपाई पेश नभएकोले भरपाई पेश गर्नु पर्दछ ।.

१२. **असुली** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रित पुरयाई बिल भरपाईको आधारमा खर्च गर्नुपर्नेमा एक हे.अ. को १० वटा स्वास्थ्य चौकीमा महिला स्वास्थ्य प्रोत्साहन कार्यक्रम संचालन १० लाई कार्यक्रम भत्ता रु ४९,७५०.०० भुक्तानी दिंदा आयकर १५ प्रतिशत ले रु.७४६२.०० कट्टी नगरेको, औषधी ढुवानी गरेको भनी रु.६०,०००.०० भाडा भुक्तानी गरेकोमा भाडा कर ६,०००.००, कट्टी नगरेको, एक अ.न.मी को पेस्की रु.७५०००.०० फछ्र्यौट गर्दा गत वर्षको विल राखी प्रसुती रकम रु.९४००.०० र सुत्केरी स्याहार भत्ता रु.२७००.०० भुक्तानी दिएको हुंदा म.ले.प. १८ प्रमाणित फाराम वेगर भुक्तानी दिन नमिल्ने , आर्थिक राष्ट्रिय दैनिक पत्रिकालाई सूचना प्रकाशित गरे वापत रु.७५,२२१.०० भुक्तानी दिंदा अग्रिम कर कट्टी नगरेको रु.११२८.००

असूल गर्नुपर्ने , अर्को एक कर्मचारीको पाठेघर खस्ने कार्यक्रममा औषधी ढुवानी वापत भुक्तानी गरेको रु.२८,११०.०० को भाडा कर रु.२८११.०० , डाटा समायोजन गर्ने सम्वन्धी मिति २०७२।१।२९ मा भएको तालिममा सहभागी नभएको एक अ.हे.व. को नाममा सहभागी भत्ता रु.१५००.००, जिन्सी दाखिला भएको जनाई रु. २०,०००.०० खर्च लेखेको सामान खरिद गर्न मागफाराम स्विकृत नभएको, जिन्सी खातामा आम्दानी तथा खर्च समेत उल्लेख नभएको र तालिममा सहभागीहरुलाई वितरण गरेको समेत नदेखिएको समेत रु.४८१९०.०० असूल अशुल गर्नु पर्दछ ।.

हात्तिपाईले रोग निवारण कार्यक्रमको एक कर्मचारीको पेशिक फछ्र्यौट गर्दा प्रचलित भाडा भन्दा वढी जिप भाडा रु ७२००.००, रिक्सा भाडा रु.१७५०.०० र अन्य दुई जना कर्मचारीको नपाउने भ्रमण विल राखि पेश्की फछ्र्यौट गरेकोल रु.२६,८५०।००, एक खो.सु. को रु.२१०००००.०० पेस्की फछ्र्यौट गर्दा प्रशिक्षण कार्यक्रममा विभिन्न प्रयोजनमा कर कट्टा भएको रु.४८४५.०० दाखिला भएको प्रमाण पेश नभएको र प्रशिक्षकले प्राप्त गरेको प्रशिक्षण भत्तामा १५ प्रतिशत कर काट्न छुट भएको रु.२७००.०० समेत जम्मा रु.७५४५.०० असूल अशुल गर्नु पर्दछ ।.

१३. **प्रकृया नपुऱ्याई खर्च** : कार्यालयले बिल भरपाई र प्रमाण कागजातको आधारमा खर्च लेख्नुपर्नेमा सो अनुसार नगरेको देखियो ।

- क्षेत्रिय स्वास्थ सेवा निर्देशनालय सुर्खेतवाट करार सेवामा नियुक्ति भएका ३२ जना हे.अ., स्टाफ नर्स, अ.न.मि. र अ.हे.ब. हरुको जेष्ठ र आषाढ महिनाको तलव भत्ता भुक्तानी दिएकोमा सम्वन्धित स्वास्थ संस्थाहरुबाट प्रमाणित हाजिर पेश नभई खर्च लेखेको रु. ७,४९,६१५।००, हस्तान्तरण फाराम नभएको प्रथम , द्धितिय तथा चौमासिकमा उपस्वास्थ्य चौकीमा औषधी तथा भ्याक्सिन ढुवानी गरेको भनी भाडा खर्च रु ५,४३,९०० लेख्ने गरेको भएतापनि ती ३४ वटा स्वास्थ्य चौकीमा पठाएको औषधी तथा भ्याक्सिनको हस्तान्तरण फाराम भरी वुझाएको तथा सम्वन्धित स्वास्थ्य चौकीले जिन्सी आम्दानी वांधेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०६४ को नियम ६ (क) बमोजिम मुल्य अभिवृद्धि करको भुक्तानीको विवरण प्रत्येक महिना सम्वन्धित आन्तरीक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा कमला इन्टरनेशनल वांके समेत ७ वटा फर्महरुलाई विभिन्न विजकबाट रकम भुक्तानी दिएकोमा मुल्य अभिवृद्धि करको जानकारी आन्तरीक राजस्व कार्यालयलाई नदिएकोले कर रकम रु ४,२९,६२३.७५ को मुल्य समायोजन पत्र पेश हुनुपर्दछ ।
- एक प.हे.न.को पाठेघर खसेको निशुल्क उपचार शिविर गरेको भनी पेस्की रु.१,२०,०००.०० फछ्र्यौट गरेकोमा कमला इन्टरनेशनल , वांकेबाट विभिन्न साइजका रिड प्रेसर. रु.३६,०००.०० र अन्य रकम गरी पेस्की फछ्र्यौट गरेकोमा क्याम्पमा के कतिको विरामीहरुलाई कति परिमाणमा प्रयोग गरिएको हो सो को रेकर्ड पेश भएन ।
- फेरा बजार, छेरा बजार, वलुवा बजार, मान्माघाट, वाटुलेमा स्वास्थ्य सन्देश र उपचार कार्य गर्दा औषधी तथा अन्य सामाग्री ढुवानी गरेको ज्याला रु.४८०००.०० खर्च भएको छ। ढुवानी गरिएको सामानको परीमाणको जिल्ला दररेटको आधारमा ज्याला खर्च लेख्नु पर्नेमा सामानको परीमाण नखुलाई अनियमित ढुवानी ज्याला खर्च लेखेका छ ।
- ५० थान प्लाष्टिक कुर्सी खरिद गरी रु.३७,५००.०० खर्च लेखेको छ । उक्त कुर्सी विभिन्न स्वास्थ्य चौकीहरुमा वितरण गरेको जिन्सी खातामा उल्लेख गरेको देखियो । प्राप्त गर्ने स्वास्थ्य चौकीहरुले जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश भएन ।

- स्वास्थ्य सम्वन्धी विभिन्न सामान विभिन्न स्थानमा ढुवानी गरेको भनि एक व्यक्तिलाई रु.९६२०.०० र अर्को व्यक्तिलाई रु.१००००.०० समेत रु.१९,६२०.०० व्यक्तिको नाममा ज्याला खर्च लेखेको छ । कति परीमाणको कुन सामान के कति दरमा कहां ढुवानी भएको भन्ने आधार बेगर ढुवानी खर्च लेखेको र रकम वुझ्केको भरपाई समेत पेश भएन ।
- सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमनको सूचना २०७३।३।७ देखि ४।७ सम्म विहान र वेलुका समाचार अघि र पछि प्रसारण गरेको भनि रु.२०,०००.०० खर्च लेखेको छ । सूचनामा कस्तो प्रकारको सूचना प्रसारण हुनुपर्ने त्यसको क्याप्सन पेश भएन ।

बिल भरपाई र प्रमाण कागजातको आधारमा खर्च गर्नु पर्दछ ।

१४. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८० (१) अनुसार सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्कीको सोही आर्थिक बर्षमा फछ्र्यौट हुनु पर्दछ । तर कार्यालयले ३ कर्मचारीको पेस्की रु.७४४३०७.०० फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, कार्यालय निरीक्षणबाट देखिएका व्यहोरा र तत्पश्चात गरिएका सुधारहरुको अभिलेख नराखेको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुऱ्याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयका विभिन्न कर्मचारीहरु भ्रमणमा जादाको अभिलेख आंशिक रुपमा मात्र राखिएको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा शिक्षा विभागले रु.२८,५९,३६,४०७ को अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

३. **चौमासिक निकासा** : प्रथम चौमासिक निकासा दिँदा विद्यालयको सामाजिक लेखा परीक्षण र तेस्रो चौमासिक निकासा दिँदा वित्तीय लेखा परीक्षण प्रतिबेदन अनिवार्यरुपमा लिनुपर्ने व्यबस्था भएकोमा कार्यालयले जिल्ला स्थित ११५ विद्यालयलाई प्रथम र तेस्रो चौमासिक निकासा दिँदा सामाजिक एवं वित्तीय लेखा परीक्षण प्रतिबेदन नलिई निकासा दिइएको छ । कार्यालयले उक्त निर्देशिका पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने देखिन्छ ।

४. **कार्यक्रमगत खाता** : वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यक्रम सञ्चालन गर्दा विभिन्न श्रोतबाट विनियोजित बजेट, निकासा एवं खर्चको स्थिति स्पष्ट हुने गरी प्रत्येक कार्यक्रमको कार्यक्रमगत खाता राख्नु पर्छ । जसले गर्दा खर्च स्वीकृत कार्यक्रम अनुसार भए नभएको स्पष्ट हुन्छ । कार्यालयबाट सञ्चालित कार्यक्रमहरु विभिन्न गोश्वरा भौचर एवं मितिबाट रकम खर्च गरेकोमा कुन कार्यक्रमको खर्च कति खुल्ने गरी कार्यक्रमगत खाता नराखेकोले खर्च तोकिएको कार्यक्रममा

नै भएको भन्ने स्पष्ट हुन सकेन । कार्यालयले कार्यक्रम अनुसार कार्यक्रमगत खाता राख्ने तर्फ ध्यान दिनु पर्दछ।

५. **बढी निकाशा** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै पनि रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यबस्था छ । विद्यालयबाट माग भएनुसारको शिक्षकको तलव भत्ता कार्यालयबाट जांच गरी निकासा गर्नु पर्ने नियमावलीमा उल्लेख छ । यस वर्ष ३ वटा विद्यालयबाट माग भएको चौमासिक रकम भन्दा ९८,८३७ बढी निकासा भएको देखिएकोले असुल गर्नुपर्दछ ।

६. **असुली** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रित पुरयाई बिल भरपाईको आधारमा खर्च गर्नुपर्नेमा एक श्रोत व्यक्तिको रु.८५००.०० पारिश्रमिक भुक्तानी गर्दा अग्रिम कर रु.१२२५.०० कट्टी गर्नुपर्नेमा रु.२२५.०० मात्र कट्टी गरेकोले घटी कर रु १०००।०० असूल गर्नुपर्ने, एक कर्मचारीलाई भ्रमण विल भन्दा रु.२१२०.०० वढी भुक्तानी दिएको समेत रु.३१२०.०० असुल गर्नुपर्दछ ।

७. **प्रकृया नपुऱ्याई खर्च** : कार्यालयले बिल भरपाई र प्रमाण कागजातको आधारमा खर्च लेख्नुपर्नेमा सो अनुसार नगरेको देखियो ।

- मुल्य अभिवृद्धि कर नियमावली, २०६४ को नियम ६ (क) बमोजिम मुल्य अभिवृद्धि करको भुक्तानीको विवरण सम्वन्धित आन्तरीक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा ३ वटा फर्महरुलाई रु.११३५२०.९० रकम भुक्तानी कि जानकारी नदिएकोले मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा कर रकम असुल गर्नु पर्दछ ।
- एक उच्च माध्यमिक विद्यालयलाई ओ.आई टि लागि प्रति विद्यार्थी व्यवस्थापन खर्च प्रयोजनको लागि दिएको निकासा रु २,५८,०००.०० मध्ये रु ३९,०००।०० को आवश्यक कागजात श्रेस्ता साथ संलग्न नभएकोले त्यस खर्चलाई पुष्टि गर्ने कागजत पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गर्नु पर्दछ ।
- कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयमा भौतिक निर्माणको कार्यसम्पन्न प्रतिवेदन लिनुपर्नेमा विभिन्न २६२ विद्यालयहरुलाई छात्रा शौचालय ,भुकम्पले क्षतिग्रत कक्षा ,२ कोठे र ४ कोठे विद्यालय भवन निर्माणको लागि रु.११,८९,००,०००/ निकासा दिएकोमा लेखापरीक्षण समयसम्म पनि कार्यसम्पन्न नभएका २१३ वटा विद्यालयहरुको रु.८,२०,५०,०००.०० को कार्यसम्पन्न प्रतिवेदन पेश हुन आएकोले छैन ।

८. **स्थलगत निरीक्षण** : स्थलगत लेखापरीक्षणको सिलसिलामा अनुगमन गर्दा वाल श्री प्राथमिक विद्यालयको छात्रा शौचालय रु ६,३६,३८८।९४ को लागत अनुमान भएकोमा कार्यालयवाट रु ४,००,०००।०० निकासा भै सोही रकमवाट निर्माण सम्पन्न भएको पाईयो । जनश्रमदान भनी कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएतापनि विद्यालयमा श्रमदान गरेको पाईएन ।

१३. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८० (१) अनुसार सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की सोही आर्थिक बर्षमा फछ्र्यौट हुनुपर्दछ । कार्यालयले ५ विद्यालयको रु. १५,००,०००.०० फछ्र्यौट गरको नदेखिंदा नियमानुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्नुपर्ने देखियो ।

## डिभिजन सडक कार्यालय, चौरजहारी

१. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ (२) वमोजिम आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र अख्तियारी पठाउनु पर्ने व्यवस्था छ । तर यस व्यवस्था अनुसार समयमै अख्तियारी प्राप्त भएको पाईएन । विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, कार्यालय निरीक्षणबाट देखिएका व्यहोरा र तत्पश्चात गरिएका सुधारहरुको अभिलेख नराखेको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुऱ्याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयका विभिन्न कर्मचारीहरु भ्रमणमा जादाको अभिलेख आंशिक रुपमा मात्र राखिएको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **लक्ष्य प्रगति** : डिभिजनको बार्षिक प्रगति प्रतिवेदन अनुसार डिभिजनबाट यस आ.ब. मा सँचालित २५ आयोजनाहरु मध्ये ८ आयोजनाको शुन्य प्रगति, २ आयोजनाको २५ प्रतिशत सम्म, १ आयोजनाको ५० प्रतिशत सम्म, ४ आयोजनाको ७५ प्रतिशत सम्म र १० आयोजनाको ७५ प्रतिशत भन्दा बढी प्रगति भएको उल्लेख छ । स्वीकृत कार्यक्रम अनुसार कार्य सम्पन्न गर्नुपर्दछ ।

४. **नापी अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ का नियम १२३(१) मा प्राविधिक नापजाच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीजकको भुक्तानी दिनुपर्ने उल्लेख छ । नापी किताव म.ले.प.फा.नं १७१ मा अघिल्लो बिलसम्मको कामको परिमाण र हाल भएको कामको परिमाण दुवै देखिने गरी खुलाएको छैन । आइ.पि.सी.को हालभएको कामको परिमाणमात्र नापीमा देखाउने गरेको पाइयो। यसमा सुधार हुनु पर्ने देखिन्छ ।

५. **प्रकृया नपुऱ्याई खर्च** : कार्यालयले बिल भरपाई र प्रमाण कागजातको आधारमा खर्च लेख्नुपर्नेमा सो अनुसार नगरेको देखियो ।

- मूल्य अभिवृद्धि कर नियमावली, २०६४ को नियम ६ (क) बमोजिम मुल्य अभिवृद्धि करको भुक्तानीको विवरण सम्वन्धित आन्तरीक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा न्यू माउन्टेन विल्डर्स, रुकुम समेत ४ फर्मको फोटोकपी कर विजक राखी विल रकम भुक्तानी दिएकोमा सो को सक्कल कर विजक पेश हुनुपर्ने र भुक्तानी दिएको मू.अ.कर रु ३,८४,०८९.५५को समायोजनपत्र पेश गर्नुपर्दछ ।।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निमार्ण व्यवसायीले निमार्ण भए बमोजिमको (एजविल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । तर ६ ठेक्काको कार्यसम्पन भई त्रुटि सच्चाउने दायित्वको अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा ठेक्काको कार्यसम्पन्न प्रतिपेश पेश हुन आएन ।
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर विजक जारी भएपछि विल रकम भुक्तानी गर्नुपर्नेमा कार्यालयले खड्का कन्स्ट्क्सनसमेत ५ वटाको विजक जारी हुनु भन्दा पहिले नै रु १०१३०१९५.५० अनियमित भुक्तानी खर्च लेखेको छ ।

- इलाइट एस.वि.ए., सुर्यलाई राप्ती राजमार्गका अडीगाल खोला र सिमाइलु खोलाका चारपुल निर्माण, लुम्बिनी आशिष जे.भी, भरतपुर वुरुङ्गे (फेरा) खोला पुल को ठेक्काको विल रु ३९९४१५६८.४२ भुक्तानी दिएकोमा सम्झौता र विल अफ क्यान्टिटि पेश नभएकोले भुक्तानीका लागि पेश भएका विलहरुमा उल्लेख भएका कामहरु सम्झौतमा उल्लेख भएका काम र परीणाम अनुसार भए नभएको तथा निर्माण तालिका अनुसार नै काम भए नभएको भिडान गर्न सकिएन ।
- वा.१ भ ९४२७ गाडीको ४ थान टायर समेत विभिन्न सामान फेरेको तथा मर्मतगरेको भनि एक इन्टरनेशनललाई रु.२६३२९०.०० भुक्तानी गरेकोमा म.ले.प.फा.नं २ नराखेको तथा फेरेका सामान जिन्सी आम्दानी देखिएको छैन ।
- एक सव .ईन्जीनियर बाट हुलाकी राजमार्ग आयोजना कार्यालय, जनकपुरबाट ०७२।६।१ मा सरुवा भै आउंदाको पारिवारिक भ्रमण खर्च रु.३२०००.०० कन्टीजेन्सीबाट प्रतिलिपी भ्रमण विल राखी खर्च लेखेकोले असूल गर्नुपर्ने देखियो।
- कन्टिन्जेन्सीबाट मोटरसाइकल खरिद गरेको भनी रु.२२९९००.०० भुक्तानी दिएकोमा खरिद विल पेश भएन ।
- कार्यालय ले चार निर्माण व्यवसायीको विभिन्न प्रयोजनमा राखेको धरौटी रु १४५४३३१।०३ प्रयोजन सकिएपछि फिर्ता गर्दा आन्तरीक राजस्व राजस्व कार्यालयको कर समायोजन पत्र वेगर फिर्ता गरेका देखियो ।

बिल भरपाई र प्रमाण कागजातको आधारमा खर्च लेख्ने प्रणालीमा सुधार हुनुपर्दछ ।

६. **बिमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, कामदार कर्मचारीको बिमा, तेश्रो पक्ष विमा समेत गराउनु पर्ने उल्लेख भएको छ) साथै निर्माण स्थल सुम्पिएको मिति देखी त्रुटी सच्याउने दायित्वको अवधि सम्मको बिमा अवधि हुनुपर्ने उल्लेख छ । यो बर्ष ठेक्काका निर्माण व्यवसायीले बिमाको रसिद पेश नगरी बिमा नीति मात्र पेश गरेको अवस्थामा समेत कबोल अंक अनुसार बिमाको पूरै रकम भुक्तानी दिएकोले ११ वटा ठेक्काको पूरा अवधिको बिमा गराई प्रिमियम भुक्तानी भएको रु १७,५३,२०० नगदी रसिद सहितको बिमा अभिलेख पेश हुनुपर्दछ।

७. **चेनेज नखुलेको** :ठेक्का नं ०७१।७२-६२ को जालीमा ढुंगा भर्ने काम ४५३६०००.० र ठेक्का नं ०७१।७२-६३ को कडा चट्टान खन्ने काम र माटो खन्ने काम भएको भनि रु ६५,६५,०००.०० रकम भुक्तानी भएकोमा काम भएको स्थान र कुन कुन चेनेज नापी कितावमा उल्लेख भएको नदेखिएकोले उक्त रकमको काम भएको पुष्टि भएको नदेखिएकोले काम भएको पुष्टि हुने प्रमाण पेश गर्नु पर्दछ ।

८. **प्राविधिक पुष्ट्याई** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यन्वयनको क्रममा श्रृजना भएका सो को स्पष्टकारण खुलाई भेरिएसन दिन सकिने र नियम १०८(१) मा खरिद सम्झौता बमोजिम कार्य भई सकेपछि प्राविधिक.कारणबाट त्यस्तो कामको परिमाणमा थपघट गर्न वा नयाँ आइटम थप्न आवश्यक देखिएमा प्राविधिक पुष्ट्याईसहित थप गर्न सकिने व्यवस्था भएता पनि ठेक्का विवरणमा तोकेको परिमाण भन्दा बढी परिमाण मा काम गरेको भनी ३ निर्माण व्यवसायीलाई रु ३५,९७,१८३.० भुक्तानी भएको प्राविधिक पुष्ट्याइ पेश नभएकोले रकम अनियमित देखिएको छ ।

९. **नापी कितावे** : एक निर्माण सेवाले ढुंगा ओछ्याउने काम गरेको विल पेश गरी रु ४३,७५३.० भुक्तानी लिएकोमा काम पुष्टी गर्ने नापी किताव लेखापरीक्षणमा पेश भएको छैन ।

१०. **अधुरो योजना** :भेरी नदिमा मेघापुलको निर्माणको लागि रु.१४७४४०१२४.७२ मा ०७३।९।१ मा सम्पन्न गर्ने गरी ०७१।८।९ कार्यादेश दिएकामा उक्त अवधिमा निर्माण व्यवसायीबाट ४० प्रतिशत कार्य गरेको भनी प्रगति प्रतिवेदनमा उल्लेख गरेको छ। यस आर्थिक वर्षमा दोश्रो रनिङ विल २०७३।३।२५ मा पेश गरी रु.२४,९५,८०३.०० समेत रु.५५,९१,६५३.४९ भुक्तानी खर्च लेखेको छ । यसरी तोकिएको अवधिमा तोकिएको प्रगति नगर्ने निर्माण व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो भए गरेको छैन । उक्त योजना को स्थलगत अनुगमन गर्दा पिलरको लागी तयार गरेको जाली तथा अन्य निर्माण सामाग्री यत्रतत्र छरिएर रहेको, डिभिजन कार्यालयले ४० प्रतिशत प्रगति देखाएता पनि फिल्ड निरीक्षण गर्दा पुल निर्माणको कुनै पनि कार्य शुरु गरेको पाईएन । उक्त पुल निर्माण ठेक्का दिनु पूर्व डिभिजनले संभाव्यता अध्ययन, डिटेल सर्वे, आदि कार्य गरेरै लागत अनुमान गरी पाईलिड.गरी पिलर वनाउने गरी ठेक्का वन्दोवस्त गरेकोमा हाल निर्माण व्यवसायीले तोकिएको स्थानमा पाईलिड गर्न नसकेको भनी कार्य नै नगरी काम त्यसै छोडेको पाईयो । यसरी यथार्तपरक लागत अनुमान गर्ने तथा डिटेल सर्वे गर्नेलाई जिम्मेवार वनाइ सो पूल निर्माणको काम गर्नु पर्दछ ।

११. स्याला खाडी रम्दा , रुकुम जोड्ने पुल भेरी नदिमा निर्माण कार्यका निर्माण व्यवसायीलाई नेपाल बंगलादेश वैंक लि नेपालगंज शाखाको ए पि जि १४२८४।२०१६ वाट ठेक्का नं एस सल आर पि ३३।९८४।०७२।०७३।०४ र डि आर यूसी जे लाई ३३७१५७४,०७२।०७३।०७३ उल्लेख गरी २ वटा ठेक्काको एउटै वैंक ग्यारेन्टी जारी गरी रु.९०,००,०००.०० पेस्की दिएको देखिदा छानबिन गरी अनियमित काम गर्ने उपर कारबाही गर्नु पर्दछ ।

१२ **पूर्ब निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम ठेक्का ठेकेदारको कारणबाट ढिलाई भइ म्याद थप गर्दा सोही संझौताको दफा ७.५ अनुसार ठेक्का अंकको १० प्रतिशतका दरले पूर्ब निर्धारित क्षतिपूर्ति लगाउनु पर्दछ । छिन्चु जाजरकोट सडक योजना अर्न्तगत ठेक्का नं ५ सि आरएसडिपिका निर्माण व्यवसायीलाई नोभेम्वर १, २०१२ मा नोभेम्वर १, २०१३ मा कार्यसम्पन्न गर्ने गरी रु.१५१५३५९७९.८१ को कार्य दिएको छ । यस आर्थिक वर्ष मा आइ.पि.सी १४ बाट रु.६३,९१,५७८।०५ भुक्तानी दिएकोमा उक्त निर्माण व्यवसायीसंग भएको सम्झौता पेश हुन आएन । उक्त कार्यको अवधि म्याद थप समेत गरी २०७१।१।७ मा समाप्त भएको देखिएको र त्यसपछि म्याद थप भएको निर्णय लेखापरीक्षणमा पेश हुन नआएको कारण २०७१।१।८ देखिको १० प्रतिशत हर्जाना रु.१,५१,५३,५९८ असूल गर्नुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । मूल्य समायोजन दिंदा आधार दर, सम्झौतामा उल्लेख भएको दर र नेपाल राष्ट् वैंकले जारी गर्न निर्माण सामाग्रीको थोक विक्रि मुल्यको आधारमा दिनुपर्नेमा सो नगरी निर्माण व्यवसायीले काठमाडौंको बजार मूल्यलाई आधार मानी नेपाल आयल निगम, काठमाडौंको खुद्रा विक्री मुल्यमा डिजेलको मुल्य र जगदम्वा स्टिलको फलामे छडको मूल्य राखी भुक्तानी दिएको हुंदा उक्त रकमलाई सही छ भन्न सक्ने आधार नभएको हुँदा भुक्तानी दिएको रकम रु ११४४९७९.८२ छानबिन गर्नु पर्दछ ।

१३. छिन्चु जाजरकोट सडक आयोजना आरएसडिपि ५ डि अर्न्तगतको निर्माण व्यवसायीलाई २०७०।६।२९ मा २०६९।१।१९ मा रु.१६००६४३१८.३५ (मू.अ.कर समेत) कार्य सम्पन्न गर्ने गरी मा सम्झौता भएकोमा सो अवधिमा कार्यसम्पन्न गर्न नसकी २ मे २०१४ सम्म म्याद थप गरेको

छ । यस आ.व.मा म्याद थप नगरी  आइ.पि.सी १३ बाट रु.३३,३२,१९२.०० भुक्तानी दिएको छ म्याद थप नभएको हुँदा हर्जाना को रकम गणना गरी असूल गर्नुपर्ने, यस आ.व मा मूल्य समायोजन वापत रु.९६१९१.१४ भुक्तानी दिएकोमा सो दिन मिल्ने सम्फौता क्याल्कुलेसन सिट वेगरनै भुक्तानी दिएकोले असुल गर्नु पर्दछ ।

१४. **कर विजक** : निर्माण व्यवसायीले ठेक्काको तेश्रो रनिङ विलमा कर विजक नं ०१।०७२।७१५ मा कर विजक वांके ठेगाना राखेकोमा र भौ.नं ११।०७२।१०।२० बाट चौथौरनिङ विलमा काठमाडौं ठेगाना राखि कर विजक नं ०२।०७२।९।२८ जारी गरेको छ । फरक ठेगनाको कर विजकका सम्बन्धमा छानबिन गरी मू.अ.कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा रु. १३,५१,८५५.० असूल गर्नुपर्दछ ।

तेश्रो रनिङ विल रु.५२,८०,०००.०० मा भ्याट ६८६४००.०० समेत रु.५९६६४००.०० को कर विजक जारी गर्नुपर्नेमा सो नगरी ५२,८०,०००.०० बाट वेरुजू रु.१,८२,०६१.०० कट्टी गरी रु.५१,१८,८८५.०० को मु.अ.कर रु.६६५४५५.०० राखी रु.५७८४३४०.०० खर्च लेखेको छ । जसको कारण  अग्रिम आयकर कट्टी रु.७९,२००.०० हुनुपर्नेमा रु.७६,७८४.०० भै रु.२४१६.०० घटी र मू.अ.कर रु.६,८६,४००.०० हुनुपर्नेमा रु.६६५४५५.०० भै मू.अ.कर रु.२०,९४५.०० समेत रु.२३,३५८.०० असूल हुनुपर्दछ ।

१५. **पारिश्रमिक आयकर** : आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम वाषिक पारिश्रमिकमा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने नगरेको ३ कर्मचारीको रु.८४९७.०० असुल गर्नु पर्दछ ।

१६. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खच गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिंदैन । ठेक्काको लागत अनुमान र कन्टिन्जेन्सी खर्चको विवरण पेश नभएबाट ठेक्कागत कन्टिन्जेन्सी खर्चको तुलना गर्न सकिएन ।

१७. **पेस्की वांकी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ बमोजिम आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट हुन वांकी रहेको २२ व्यवसायीको  मोविलाइजेशन पेस्की रु. ८८७३१६५४.०० फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३४ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २४ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २८ मध्ये निम्न ७ कार्यालयको रु.१,१५,९७,८७९.०० बेरुजू बाकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | दुर्गम क्षेत्र विकास समिति | ३६५८१६४ | चौर्तेनि सिंचाई कुलो पेश्की | ६६,०००.०० |
| २ | | ३६५८१६४ | रिजवान इन्जिनियरिङ पेश्की | २,००,०००. |
| ३ | जिल्ला कृषि कार्यालय, | ३१२१०२३ | गाउं विकास समितिको कार्यालय, ढिमे,जाजरकोट पेश्की | २८०६२.०० |
| | | ३१२१०२ | गाउं विकास समितिको कार्यालय, अर्छानी, जाजरकोट पेश्की | २९३०.०० |
| | | ३१२१०२ | गाउं विकास समितिको कार्यालय, पजारु पेश्की | १६६०५.०० |
| | | ३१२१०२ | गाउं विकास समितिको कार्यालय, लह, पेश्की | २६०७९०.०० |
| | | ३१२१०२ | गाउं विकास समितिको कार्यालय, झाप्रा, पेश्की | १५७२५५.०० |
| | | ३१२१०२ | गाउं विकास समितिको कार्यालय, साल्मा, पेश्की | ४८८४.०० |
| | | ३१२१०२ | गाउं विकास समितिको कार्यालय, जुवा थापा चौर,पेश्की | ३६१३९.०० |
| | | ३१२१०२ | गाउं विकास समितिको कार्यालय, मजकोट, पेश्की | ९७७.०० |
| ४ | जिल्ला हुलाक कार्यालय, | हुलाक वचत वैंक | वैंकहरुमा रु.३,६८,३२,८८१.०८ ऋण जारी गरेको रु.२३६०७२५.०० धरौटी खातामा रु.१,३०,५१,६४९.०० र नगद वांकी रु.८७३५०२९. समेत जम्मा रु.४,९२,३४,२८४. देखाइएको तर दैनिक नगदी किताबमा रु.५,४२,७६,९७०.०० देखिएको फरक रकम हिसाव मिलान गर्नु पर्ने | |
| | | | २०७१ आषाढ अन्तिम सम्मको अ.ल्या दैनिक नगदी किताव र मासिक एकिकृत लगतमा एउटै हुनुपर्नेमा मासिक एकिकृत लगतमा रु.५,३६,१४,७८७.०० देखिएका तर दैनिक नगदी कितावमा अ.ल्या. रु.५,४२,७६,९७०.०० फरक देखिएको, | |
| | | | एक कर्मचारी को व्यक्तिगत विवरणमा रु.२०००.०० बचत गरेको देखिएको तर दैनिक नगदी कितावमा बचत नदेखाइएको . | |
| | | | आ.वा. २०७१।०७२ को अन्तिम कारोवार २०७२ आषाढ २७ को कारोवारमा दैनिक नगदी कितावमा रु.६,१२,७०,१२२. र मासिक एकिकृत लागतमा रु.६,०९,८०,२८४.० देखिएको फरक रु | |
| | | | खातावालाहरुको विवरण अनुसार हुनुपर्ने जम्मा रु.६,३१,३९,६५५ तर वैंक अभिलेखमा रु.४,३९,८१,८८०.७८ देखाइएको हुदा फरक रकम रु.१,९१,५७,७४४.२२ व्यक्तिगत विवरण र कार्यालयको एकिकृत विवरणमा बराबर नै हुनुपर्नेमा नभएको | |
| | | | यस अघि गठित छानविन समितिले छानविन गरि अनियमितता भएको ठहर गरेको रु.७३,३६,०६२.०० मध्ये रु ६१,४३,८३७.०० असूल गर्नु पर्ने | ६१,४३,८३७.०० |
| | | | • कर्मचारीहरुबाट व्यक्तिगत खाता, दैनिक नगदी किताव, लगायतका श्रेस्ताहरुमा केरमेटर गरेको, सच्चाएको टिपेष्ट प्रयोग गरेको तथा पाना च्यातेको,<br>• अनियमितता भएको ठहर गरिएको रकम तहविल मौज्दातमा देखाइएको। दैनिक किताव र लेजर व्यवस्थित नभएको,<br>• कुनै पनि कर्मचारी सरुवा भई जांदा आफ्नो जिम्मामा भएको सम्पूर्ण कारोवारको लेखापरीक्षण गरेर मात्र वरवुझारथ गर्नुपर्नेमा सो गरेको नदेखिएको , | |

| | | | | |
|---|---|---|---|---|
| ५ | जिल्ला पशुसेवा कार्यालय, | | • बाख्रा पालन तलिम संचालन पे.फ. गर्दा का.प्र. ले २४ कक्षा संचालनको कर कटाई रु.२०,४००.०० भुक्तानी लिएकोमा तालिमको सो अवधिमा निज कार्यालयमै हाजिर भएकोले असुल गर्नु पर्ने<br>• कार्यालय परिसर वरिपरि तारवार निर्माण वापत पेस्की दिंदा रु.३,५०,०००.०० बराबरको वैंक जमानत पेश गरेको नपाईको<br>• स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि मा गरिएको व्यवस्था अनुसार जिल्ला सुपरीवेक्षण तथा अनुगमन समितिले जिल्ला पशु सेवा कायांलयबाट स)चालित कायंक्रम हरुको अनुगमन गरी प्रतिवेदन दिनुपर्नेमा दिएको ने देखिएको ।<br>• जिन्सी सामानको खाता अद्यावधि गरिनु पर्ने । | २०,४००.०० |
| ६ | पश्चिम पहाडि गरिवी निवारण आयोजना, जिल्ला आयोजना समन्वय इकाई, | | जिल्ला सुपरीवेक्षण तथा अनुगमन समितिले जिल्ला पशु सेवा कायांलयबाट स)चालित कायंक्रम हरुको अनुगमन गरी प्रतिवेदन दिनुपर्नेमा दिएको ने देखिएको । | |
| | | | भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण प्रतिवेदन पेश नगरेको र भ्रमण अभिलेख खाता नराखेको | |
| ७ | सिंचाई विकास डिभिजन, | | एक कन्स्ट्क्सन क.प्रा. पेश्की | २३,८०,०००.० |
| | | | एक जे.भि, विरेन्द्रनगर पेश्की | २२,८०,०००.० |
| | | | **कुल जम्मा** | **१,१५,९७,८७९.००** |

नायब महालेखारीक्षक
(जीवनप्रसाद सुवेदी )

अनुसूची १

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | | | | १०८४९ | १०८४९ |
| २ | जिल्ला प्राविधिक कार्यालय, | ७०६ | ० | ७ | ० | ७१३ |
| ३ | स्थानीय विकास कोषको सचिवालय | १४४ | ० | ० | ० | १४४ |
| ४ | जिल्ला शिक्षा कार्यालय | ७२६९ | ६१ | २०४ | ० | ७५३४ |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय | १३९२ | ३ | ५ | ७२ | १४७२ |
| ६. | डिभिजन सडक कार्यालय, चौरजहारी | ३३६९ | २ | २९५ | २६० | ३४४२ |
| | **जम्मा** | **१८५७३** | **१०२** | **५११** | **१११८१** | **२४१५४** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला अदालत | ११२ | १ | १ | २१ | १३५ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ३६ | १ | ० | ० | ३७ |
| ३. | कृषि विकास कार्यालय | ६८३ | ० | १ | २ | ६८६ |
| ४. | जिल्ला प्रशासन कार्यालय | १३८ | १ | १ | १३ | १५३ |
| ५. | राष्ट्रिय अनुसन्धान कार्यालय | ४५ | १ | ० | ० | ४६ |
| ६. | दुर्गम क्षेत्र विकास समिति | ८८ | ० | ३ | २ | ९३ |
| ७. | नापी कार्यालय | ४५ | ० | १ | ० | ४६ |
| ८. | सिँचाइ सवडिभिजन कार्यालय | ४४६ | ० | २२ | ० | ४६८ |
| ९. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६५ | ३१८ | ० | ० | ३८३ |
| १०. | पशुसेवा कार्यालय | २२० | ० | १ | १ | २२२ |
| ११. | जिल्ला प्रहरी कार्यालय | १३०९ | १ | २ | १० | १३२२ |
| १२. | कारागार कार्यालय | ४० | ० | ० | ० | ४० |
| १३. | मालपोत कार्यालय | २०२ | २३ | ० | १ | २२६ |
| १४. | महिला तथा बालबालिका विकास कार्यालय | १२९ | २ | ० | ० | १३१ |
| १५. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ५१४ | ० | १ | १ | ५१६ |
| १६. | पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना | ६२८ | ० | ० | ० | ६२८ |
| १७. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ४९ | ५ | ० | १ | ५५ |
| १८. | जिल्ला वन कार्यालय | १५९ | ४ | ३ | १५१ | ३१७ |
| १९. | जिल्ला हुलाक कार्यालय | २०४ | १ | १ | १ | २०७ |
| २०. | घरेलु तथा साना उद्योग विकस समिति | ४६ | १ | २ | २ | ५१ |
| २१. | जिल्ला निर्वाचन कार्यालय | ४० | ० | ० | ० | ४० |
| २२. | शिक्षाको लागि खाद्य कार्यक्रम | २३५ | ० | १ | १ | २३७ |
| २३. | ज्वाला दल गण | ० | | ० | ० | ० |
| २४. | विर दल गण मालिका व्यारेक खलंगा | २४६९ | ० | १२ | ११ | २४९२ |
| २५. | इलाका प्रहरी कार्यालय, वारेकोट | १९५ | ३ | ० | ० | १९८ |
| २६. | इलाका प्रहरी कार्यालय, गर्खाकोट | १८१ | ३ | ० | ० | १८४ |
| २७. | इलाका प्रहरी कार्यालय, रिम्ना | ७३ | ३ | ० | ० | ७६ |
| २८. | इलाका प्रहरी कार्यालय, दल्ली | १३२ | ३ | ० | ० | १३५ |
| | **जम्मा** | ८४८३ | ३७१ | ५२ | २१८ | ९१२४ |
| | **कूल जम्मा** | **२७०५६** | **४७३** | **५६३** | **११३९९** | **३९४९१** |

अनुसूची २

## बेरुजूको स्थिति

(रु हजारमा)

| क्र. स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १ | जिल्ला विकास समिति | ७३ | ७८५३३ | ५३ | २९२४३ | २० | २२५४ | ३८४७८ | ८५५९ | ४९२९१ | १६ | ७३२ | ७४८ |
| २ | जिल्ला प्राविधिक कार्यालय, | १८ | ११४१० | १२ | - | ६ | ९८८ | ८९११ | १५१० | ११४०९ | ० | ० | ० |
| ३ | स्थानीय विकास कोषको सचिवालय | ४ | १०० | ३ | - | १ | ० | १०० | ० | १०० | १ | ० | १ |
| ४ | जिल्ला शिक्षा कार्यालय | १६ | ८४३१६ | ३ | - | १३ | १५० | ८२६६६ | १५०० | ८४३१६ | २७६ | ० | २७६ |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय | ३७ | ५९५२ | २३ | - | १४ | ५० | ४४९० | १४१२ | ५९५२ | ० | ० | ० |
| ६ | डिभिजन सडक कार्यालय, चौरजहारी, रुकुम | २८ | १९९२६७ | ११ | - | १७ | १९९९१ | ९०५४४ | ८८७३१ | १९९२६७ | ० | ० | ० |
| ७ | कृषि विकास कार्यालय | १ | ५०८ | - | - | १ | ० | ० | ५०८ | ५०८ | ० | ० | ० |
| ८ | पशुसेवा कार्यालय | १० | २९७ | ६ | २७६ | ४ | ० | २१ | ० | २१ | ० | ३ | ० |
| ९ | सिँचाइ सवडिभिजन कार्यालय | १ | ४६६० | - | - | १ | ० | ० | ४६६० | ४६६० | ० | ० | ० |
| १० | जिल्ला हुलाक कार्यालय | १३ | ६१४४ | ४ | - | ९ | ६१४४ | ० | ० | ६१४४ | ० | ० | ० |
| ११ | जिल्ला वन कार्यालय | १ | २५ | १ | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | दुर्गम क्षेत्र विकास समिति | १ | २६६ | - | - | १ | ० | ० | २६६ | २६६ | ० | ० | ० |
| १३ | पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना | ४ | सैद्धान्तिक | २ | - | २ | ० | ० | ० | सैद्धान्तिक | ० | ० | ० |
| | **जम्मा** | **२०७** | **३९१४७८** | **११८** | **२९५४४** | **८९** | **२९५७७** | **२२५२१०** | **१०७१४६** | **३६१९३३** | **२९३** | **७३५** | **१०२८** |

**द्रष्टव्य:** • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसुचीमा बाकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी:** | १५९,३५,००० | **वजेट खर्च :** | |
| प्राकृतिक प्रकोप व्यवस्थापन कोष | ३६०००० | जि.वि.स. अनुदान (चालु) | ४३१७८१२५ |
| महिला तथा बालबालिका किोष | ५०००० | गा.वि.स. अनुदान (चालु) | १०४७६२००० |
| कर्मचारी कल्याण कोष | ८८५.२४ | **अन्य कोष खर्च:** | |
| स्थानीय विकास विशेष कोष | २०००० | प्राकृतिक प्रकोप व्यवस्थापन कोष | ३५६७४५ |
| गरिबी निवारण तथा सामाजिक परिचालन विशेष कोष | ५०००० | कर्मचारी कल्याण कोष | १०००००० |
| मानव संसाधन कोष | ८२१६७०.४१ | मर्मत संभार कोष | ४६८२३७ |
| वातावरण व्यवस्थापन विशेष कोष | ५०००० | जिल्ला उर्जा कोष | ६०५००००.२५ |
| मर्मत संभार कोष | ७८७१०.६ | राजश्व बाँडफाँड सम्बन्धी खाता | ५२४१२५५ |
| जिल्ला उर्जा कोष | २९२७५४६.०४ | आन्तरिक आम्दानी .ग ४ ३०१) | १५५०६८६ |
| राजश्व बाँडफाँड सम्बन्धी खाता | ३६२२०४७.७ | गरिबी निवारण कोष .एँ) | २००००० |
| आन्तरिक आम्दानी | ७१४२०४.९८ | आन्तरिक श्रोत चालु | १५५०६८६ |
| बैदेशिक खाता | १७२५३९६.८९ | भारतीय दुतावास कार्यक्रम | १२८१६५३५ |
| धरौटी खाता | ५५१४७६४.०९ | आन्तरिक श्रोत पुँजीगत | ५२४१२५५ |
| **नेपाल सरकारको अनुदान** | | बैदेशिक खाता ग ४ ५०१ | ३१६०१८८६.३ |
| जि.वि.स. अनुदान (चालु) | ४३१७८१२५ | राजश्व | २०३३११७.३ |
| गा.वि.स. अनुदान (चालु) | १०४७४९००० | सडक वोर्ड नेपाल | ६११२८२ |
| **आन्तरिक श्रोत:** | | बालमैत्री स्थानीय शासन कार्यक्रम | ६७७७१० |
| क) कर दस्तुर सेवा शुल्क र भाडा | ७१४२०४ँ९८ | धरौटी खाता | २९३५३५३ |
| ख) राजश्व बाडफांडबाट | २७१६८३९ँ६ | **केन्द्रिय राजश्व दाखिला** | २०३३११७.३ |
| ग) आन्तरीक श्रोत चालु | १५५०६८६ | **मौज्दात:** | |
| घ) पूंजीगत श्रोत | ५२४१२५५ | प्राकृतिक प्रकोप व्यवस्थापन कोष | १२१००४६ |
| **अन्य श्रोत:** | | महिला तथा बालबालिका विशेष कोष | ९८००० |
| प्राकृतिक प्रकोप व्यवस्थापन कोष | १२०६७९१ | कर्मचारी कल्याण कोष | १३२४६७९.२३ |
| महिला तथा बालबालिका कोष | ४८००० | स्थानीय विकास विशेष कोष | ४०४००० |
| गरिबी निवारण तथा सामाजिक परिचालन विशेष कोष | ४८००० | गरिबी निवारण तथा सामाजिक परिचालन कोष | ९८००० |
| स्थानीय विकास विशेष कोष | ३८४००० | मानव संसाधन कोष | ८६९६७०.४१ |
| कर्मचारी कल्याण कोष | २३२३७९३.९९ | वातावरण व्यवस्थापन विशेष कोष | १४६००० |
| मानव संसाधन कोष | ४८००० | मर्मत र्सभार कोष | १३१९२६४.६ |
| वातावरण व्यवस्थापन विशेष कोष | ९६००० | जिल्ला उर्जा कोष | १८७१६२१.७९ |
| मर्मत संभार कोष | १७०८७९१ | राजश्व बाँडफाँड सम्बन्धी खाता | १०९७६३२.३ |
| जिल्ला उर्जा कोष | ४९९४०७६ | आन्तरिक आम्दानी .ग ४ ३०१) | ३०६९६९२.९८ |
| गरिबी निवारण कोष | २००००० | बैदेशिक खाता ग ४ ५०१ | २१६३४६३८.६ |
| भारतीय दुतावास कार्यक्रम | १२८१६५३५ | धरौटी खाता | ४५४५५६९.१९ |
| बैदेशिक खाता | ५१५१११२८ | | |
| राजश्व | २०३३११७.३ | | |
| सडक वोर्ड नेपाल | ६११२८२ | | |
| बालमैत्री स्थानीय शासन कार्यक्रम | ६७७७१० | | |
| धरौटी खाता | १९६६१५८.१ | **जम्मा मौज्दात** | ३७६८८८१५ |
| **आन्तरिक तर्फको जम्मा** | ११००२३५६३.० | **आन्तरिक तर्फको जम्मा व्यय** | ७२३३४७४ँ८० |
| **केन्द्रीय कार्यक्रमतर्फको आय** | ४५९२६१८७३.० | **केन्द्रीयतर्फको व्यय** | ४५९२६१८७३ |
| **कुल जम्मा** | ५६९२८५४३६ | **कुल जम्मा** | ५६९२८५४३६ |

अनुसूची - ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला विकास समिति | श्री दीर्घ वहादुर पोखरेल<br>श्री ईन्द्र गौतम | श्री याम वहादुर वि.सि<br>श्री प्रेम वहादुर वुढा |
| २ | जिल्ला प्राविधिक कार्यालय, | ई. श्री जयराम श्रेष्ठ, ई श्री वालकृष्ण खनाल | श्री शिवराज रुपाखेती |
| ३ | स्थानीय विकास कोषको सचिवालय | श्री प्रकाश कुमार शाही | श्री उदय ब राना |
| ४ | जिल्ला शिक्षा कार्यालय | श्री विष्णु नारायण श्रेष्ठ<br>श्री ललित विक्रम सिंह | श्री जीवन कुमार कार्की<br>श्री दण्डपानी कंडेल |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय | डा.राजेन्द्र जि.सि | श्री तपसी चौधरी<br>श्री जय प्रसाद पाण्डे |
| ६ | डिभिजन सडक कार्यालय, चौरजहारी, रुकुम | श्री जितेन्द्र कुमार चौधरी | श्री प्रेमचन्द्र भुषाल<br>श्री जिवन कार्की |
| ७ | कृषि विकास कार्यालय | श्री चित्र वहादुर रोकाय | श्री लोकेन्द्र वहादुर खत्री |
| ८ | पशुसेवा कार्यालय | श्री गुरु प्रसाद खकुरेल | श्री जय वहादुर थापा |
| ९ | सिँचाइ सवडिभिजन कार्यालय | श्री थल वहादुर तामांग | श्री हरी प्रसाद न्यौपाने |
| १० | जिल्ला हुलाक कार्यालय | श्री देव वहादुर कार्की | श्री अमृत प्याकुरेल |
| ११ | जिल्ला वन कार्यालय | श्री उपेन्द्र पटेल | श्री सरस्वति वुढा |
| १२ | दुर्गम क्षेत्र विकास समिति | श्री दीर्घ वहादुर पोखरेल | श्री नविन धिताल |
| १३ | पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना | श्री दीर्घ वहादुर पोखरेल<br>श्री ईन्द्र गौतम | श्री याम वहादुर वि.सि |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np